**सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नाम:-** नेपाल प्रहरी

**सूचना सार्वजनिक गरेको अवधि:-** मिति २०८०/०१/०१ गतेदेखि २०८०/०३/३१ गतेसम्म।

१. **निकायको स्वरूप र प्रकृति:-** नेपाल प्रहरी राष्ट्रको कानून कार्यान्वयन गर्ने प्रमुख एकाइको रूपमा रहेको छ। नेपालभर मुलुकको प्रहरी फोर्सको पुनर्गठन र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले वि.स.२०१२ सालमा प्रहरी ऐनद्वारा नेपाल प्रहरीको विधिवत रूपमा स्थापना भएको हो। नेपाल प्रहरी हाल केन्द्रमा नेपाल प्रहरी प्रधान कार्यालय र सो अन्तर्गत विभागहरू तथा प्रत्येक प्रदेशमा प्रादेशिक स्वरूपमा ७७ जिल्ला र ७५३ स्थानीय तहहरूमा परिचालित रहेको छ।

२. **निकायको काम, कर्तव्य र अधिकार:-** प्रहरी ऐन २०१२ को प्रस्तावनामा नै उल्लेख गरिए बमोजिम अपराध रोक्ने र पत्ता लगाउने अर्थात अपराध अनुसन्धान र प्रचलित ऐन कानूनको कार्यान्वयन गर्दै शान्ति र व्यवस्था कायम राख्नु नेपाल प्रहरीको मुख्य कर्तव्य हो।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण:-** नेपाल प्रहरीले नेपाल सरकारबाट स्वीकृत संख्या तथा दरबन्दीअनुसार राष्ट्रको सेवामा रही माथि उल्लेखित कार्यहरू सुसम्पन्न गर्दै आएको छ। हाल नेपाल प्रहरीको स्वीकृत दरबन्दी ७९,५४१ र कार्यरत जनशक्ति ७७,२६१ रहेको छ।

४. **निकायबाट प्रदान गरिने सेवा:-** अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान, महत्वपूर्ण प्रतिष्ठान र व्यक्तिहरूको सुरक्षा, कानून कार्यान्वयन, शान्ति सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था कायम गर्ने, ट्राफिक व्यवस्थापन, प्राकृतिक प्रकोपमा उद्धार तथा विपद् व्यवस्थापन र आम नागरिकको जीउधनको सुरक्षा आदि।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:-** केन्द्रमा प्रहरी महानिरीक्षक र नेपाल प्रहरी प्रधान कार्यालयको प्रदेश समन्वय विभाग, अपराध अनुसन्धान विभाग, कार्य विभाग, मानवश्रोत विकास विभाग, प्रशासन विभाग लगायत राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रहरी अस्पताल, केन्द्रीय अनुसन्धान ब्यूरो र काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा प्रहरी अतिरिक्त महानिरीक्षक प्रमुख रहने साथै सातै प्रदेशको प्रदेश प्रहरी कार्यालयमा प्रहरी नायब महानिरीक्षक प्रदेश प्रमुख रहने व्यवस्था रहेको छ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:-** सेवा प्रदान गरिएवापत सेवा शुल्क तथा अन्य कुनै पनि शुल्कहरू लिने नगरिएको। सेवा प्रदान गर्ने अवधिको सम्बन्धमा सकेसम्म छिटो सेवा प्रदान गर्ने गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकार:-** कुनै पनि सूचनाको माग भएमा सोको विस्तृत अध्ययन, विश्लेषण तथा अनुसन्धान गरी गोपनीयतालाई प्राथमिकतामा राखी नेपालको संविधान २०७२ तथा प्रहरी ऐन २०१२ र प्रचलित ऐन कानून र नियमहरूको परिधि भित्र रही प्रक्रियागत रूपमा तहगत सांगठनिक नेतृत्वसमक्ष प्रतिवेदन पेश गरी आवश्यक निर्णय गरिँदै आएको।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी:-** प्रहरी ऐन २०१२, प्रहरी नियमावली २०७१ मा भएको व्यवस्था अनुसार स्थान विशेषका कार्यालय प्रमुख हुँदै तहगत रूपमा प्रहरी महानिरीक्षक, गृह सचिव तथा तालुक गृह मन्त्रालय तथा नेपाल सरकारमा रहने। सो कार्यलाई प्रभावकारी बनाउनको लागि नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रहरी निरीक्षणालय र कानून शाखामार्फत् कार्य सम्पादन गर्ने गरिएको।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

९. **सम्पादन गरेको कामको विवरण:-**

**(१) अपराध अनुसन्धानतर्फ:-**

(क) **मुद्दा दर्तासम्बन्धी :–**

| सि.नं. | प्रहरी कार्यालयको नाम | मुद्दा दर्ता संख्या | फछ्र्यौट मुद्दा संख्या | अनुसन्धान जारी मुद्दा | प्रतिवादी पक्राउ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय | ४९५५ | १५१२ | ३४४३ | २८३७ | |
| २ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २४६९ | ५३२ | १९३७ | १५६९ | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३६३० | २०११ | १६१९ | १७२२ | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडा | १२९८ | ६१० | ६८८ | ८६५ | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १२१५ | ४१९ | ७९६ | ७८७ | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १९९९ | ९१७ | १०८२ | १४४९ | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४९९ | २२१ | २७८ | ३७० | |
| ८ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १०८६ | ३८५ | ७०१ | १०३० | |
| ९ | अन्य कार्यालयहरू(ब्यूरोहरू) | ११३ | ९१ | २२ | १५४ | |
| **जम्मा** | | १७२६४ | ६६९८ | १०५६६ | १०७८३ | |

(ख) **फरार अभियुक्त पक्राउतर्फ:-**

| सि.नं. | प्रहरी कार्यालयको नाम | कुल पक्राउ संख्या | असुल जरिवाना (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय | ५१३ | १६,६३,०५,३०९ | |
| २ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ६०३ | १,४८,९१,७५३ | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ८९६ | १,३७,७६,४०४ | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडा | ४३० | १,१०,५६,२१३ | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २७३ | १,५४,१७,४४४ | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | २१९ | ७६,८८,१०९ | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५० | ८,७५,३१८ | |
| ८ | सुदूरपश्चिम प्रहरी कार्यालय, धनगढी | १०२ | १९,९७,१५३ | |
| ९ | अन्य कार्यालयहरू (ब्यूरोहरू) | ३४ | १०,९५,५५,००० | |
| **जम्मा** | | ३१२० | ३४,१५,६२,७०३ | |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(ग) लागूऔषध सम्बन्धी:-

(अ) बरामद लागूऔषध तथा पक्राउ प्रतिवादी संख्या:-

| सि.नं. | प्रहरी कार्यालयको नाम | मुद्दा दर्ता संख्या | गाँजा | | चरेस | | हेरोइन | | अफिम | | कोकिन | | प्रतिवादी पक्राउ सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | किलो | ग्राम | किलो | ग्राम | किलो | ग्राम | किलो | ग्राम | किलो | ग्राम | महिला | पुरुष | |
| १ | लागूऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर | ४२ | ४ | ७५० | १९ | २६६ | ० | ५४६ | ० | ० | १ | ८० | ६ | ५६ | नाईट्राभेट,एम्पुल डाईजेपाम, फेनार्गन, बुप्रेनोर्फिन लगायत अन्य लागू औषध ६३,१४८ थान। |
| २ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १३४ | ५४ | ९५८ | ० | ९६० | ० | १३० | ० | ० | ० | ० | १४ | २०८ | |
| ३ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १७२ | १२२ | ४८२ | ० | ० | ७२ | ८२० | ० | ० | ० | ० | १५ | २२० | |
| ४ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २२८ | १२७२ | ४९४ | २६ | २ | ० | ६२२ | ० | ० | ० | ३ | ३ | २९६ | |
| ५ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | ८० | २२३५ | २८० | ११ | ४२ | ० | १०६ | ६ | ३६ | ० | ० | ३ | १२४ | |
| ६ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ७७ | ७२ | ९३३ | ० | ८८ | ० | ३३ | ० | ० | ० | ० | ६ | ८९ | |
| ७ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ११६ | १ | ८८ | १८ | २६० | ४०१ | २९० | १ | ० | ० | ० | २४ | १७० | |
| ८ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३२ | ० | १५ | ० | १ | ० | ३५ | ० | ० | ० | ० | ५ | ५५ | |
| ९ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय,धनगढी | १७९ | १ | ७०० | ९ | ९७५ | ० | ३५५ | ० | ० | ० | ० | २१ | २७२ | |
| | जम्मा | १०६० | ३७६१ | ४७०० | ८३ | २५९४ | ४७३ | २९३७ | ७ | ३६ | १ | ८३ | ९७ | १४९० | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(आ) <u>नष्ट गरेको गाँजा/अफिम खेती (जग्गा:- बिगाह/कठ्ठा/रोपनी)</u>

| सि.नं. | प्रहरी कार्यालयको नाम | गाँजा | | | | अफिम | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बिगाह | रोपनी | कठ्ठा | धुर | बिगाह | रोपनी | कठ्ठा | धुर | |
| १ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ० | १०० | ० | ० | ० | ० | ० | ० | |
| २ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ० | २४७ | ० | ० | ० | ० | ० | ० | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १ | ० | १० | ७ | ० | ० | ० | ० | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | ३१ | ० | १३ | १२ | ० | ० | ० | ० | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ० | ३४ | ० | ० | ० | ० | ० | ० | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ० | ३ | ० | ० | ० | १८१ | ० | ० | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ० | ४४८ | ० | ० | ० | ० | ० | ० | |
| ८ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | २६ | २३ | ३२ | ० | ० | ० | ० | ० | |
| | जम्मा | ५८ | ८५५ | ५५ | १९ | ० | १८१ | ० | ० | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(२) सामाजिक सञ्जालसम्बन्धी कारबाही (साइबर ब्यूरो)

| सि.नं. | निवेदन प्राप्त भएको कार्यालय | सामाजिक सञ्जाल | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | fb/messenger | viber | imo | youtube | whatsapp | twitter | instagram | website hacking | tiktok | email | esewa | others | जम्मा |
| १ | साइबर ब्यूरो | २११७ | ७ | ३ | २६ | ११३ | ९ | १७१ | ८ | २६९ | २२ | ८७ | ८१ | २९१३ |
| २ | हेलो सरकार | २९ | ० | ० | ० | ० | ० | २ | ० | २ | १ | २ | ० | ३६ |
| ३ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १६१ | ० | १ | २ | ६ | ० | २ | ० | २७ | १ | १ | १ | २०२ |
| ४ | मधेश प्रदेश प्रहरी कार्यालय, धनुषा | ९ | ० | ० | १ | ० | ० | १ | ० | १ | १ | ० | १ | १४ |
| ५ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | ४५ | ० | ० | ० | १ | ० | १ | ० | १६ | ० | ० | १ | ६४ |
| ६ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ४७ | ० | ० | ० | ३ | १ | ० | ० | ११ | ० | ० | ० | ६२ |
| ७ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ११७ | ० | १ | ० | २ | ० | ४ | ० | २४ | ० | १ | ० | १४९ |
| ८ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५१ | ० | ० | ० | १ | ० | १ | ० | ३ | ० | ६ | १ | ६३ |
| ९ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ९ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १० |
| | जम्मा | २५८५ | ७ | ५ | २९ | १२७ | १० | १८२ | ८ | ३५३ | २५ | ९७ | ८५ | ३५१३ |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(३) अप्रेशन तथा प्रहरी कार्यतर्फ:-

(क) विपद् सम्बन्धी

| सि.नं. | विवरण | मानवीय क्षति | | | चौपाया क्षति | भौतिक क्षति | | | | | क्षतिको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | बेपत्ता | | भवन | उद्योग | विद्यालय | सरकारी कार्यालय | पुल | |
| १ | आगलागी | २० | १४० | ० | ६४० | ५१५ | ३ | ० | २ | ० | ६९,९७,५५,९६० |
| २ | बाढी | ११ | ६ | २२ | ७१ | ३० | ० | ० | ० | ३ | ४,६९,८०,००० |
| ३ | पहिरो | २० | २५ | ५ | ६० | ३९ | ० | ० | २ | ० | १,९८,४३,५०० |
| ४ | चट्याङ्ग | २७ | १११ | ० | ३५८ | ४ | ० | ० | ३ | ० | ६२,४८,००० |
| ५ | जनावर आक्रमण | १० | ९२ | ० | ५२ | ४ | ० | ० | ० | ० | १७,२५,००० |
| ६ | हावाहुरी | १ | १५ | ० | ८ | १८८ | ० | ० | २२ | ० | २,७२,१०,००७ |
| ७ | हिम पहिरो | १२ | २ | ० | ० | ० | ० | ० | ० | ० | नखुलेको |
| ८ | अविरल वर्षा | ० | ५ | ० | २० | २८ | ० | ० | ३ | ० | ६२,४६,५०० |
| ९ | डुङ्गा दुर्घटना | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १० | लेक लाग्नु | ४ | ८ | ० | ० | ० | ० | ० | ० | ० | |
| ११ | भुकम्प | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | नखुलेको |
| १२ | अन्य | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | १०९ | ४०७ | २७ | १२०९ | ८११ | ३ | ० | ३२ | ३ | ८०,८०,०८,९६७ |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(ख) सवारी कारबाहीबाट राजस्व संकलन सम्बन्धी:-

| सि.नं | प्रहरी कार्यालयको नाम | सवारी कारबाही संख्या | | | सङ्कलित राजस्व (रू) | कै. |
|---|---|---|---|---|---|---|
| | | ठूला सवारी सङ्ख्या | मझौला सवारी सङ्ख्या | साना सवारी सङ्ख्या | | |
| १ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ३२४२२ | ५१४४५ | १७०७४४ | १९,७१,४०,६९७ | |
| २ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २७९४८ | ७९८३ | ५८८०६ | ६,०७,३६,००० | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३८६२८ | ६६८१ | ७०४१५ | ८,७४,६१,००० | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडा | ३६३७१ | २२३० | ४९४८७ | ८,२०,५१,००० | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २२३५८ | २६३४२ | २२७८८ | ५,९१,३९,००० | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ४६१२० | ५५७७ | ४२८२४ | ७,४२,३५,५०० | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४५१९ | ४६३७ | ७८२२ | १,३२,२२,५०० | |
| ८ | सुदूरपश्चिम प्र.प्रहरी कार्यालय, धनगढी | ९८५५ | ५८५८ | १५३२१ | १,७५,५४,५०० | |
| | जम्मा | २१८२२१ | ११०७५३ | ४३८००७ | ५९,१५,४०,१९७ | |

(ग) अन्य प्रहरी कार्यबाट राजश्व संकलन (सुन, चाँदी, अवैध मुद्रा तथा भन्सार चोरी निकासी) सम्बन्धी:-

| सि.नं. | प्रहरी कार्यालयको नाम | कारबाहीको शीर्षक | सङ्कलित राजश्व (रू) |
|---|---|---|---|
| १ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | अवैध सुन,मुद्रा तथा अन्य सामानहरु बरामद भन्सार चोरी निकासी | १७,९१,९०,०७०.३५ |
| २ | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | अवैध सुन चाँदी, मुद्रा तथा भन्सार चोरी निकाशी | ८७,६३,२८,९५१.०० |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | अवैध सुन चाँदी,भन्सार चोरी निकाशी | ३१,९२,१७,७१८.०० |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडा | सुन,चाँदी,किराना सामाग्री,लत्ता कपडा,काठ | ६,८६,१५,५११.०० |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | भन्सार छली, नदीजन्य, अवैध काठ,अवैध मुद्रा | २,३४,०४,८५५.०० |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | अबैध भन्सार चोरी निकासी | ११,८५,४९,८१७.०० |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | भन्सार छली गरी ल्याएका लत्ता कपडा तथा अन्य सामानहरु बरामद | ८,१५,८८९.०० |
| ८ | सुदूरपश्चिम प्र.प्रहरी कार्यालय, धनगढी | अबैध भन्सार चोरी निकासी | ७,५८,७२,४४१.०० |
| जम्मा | | | १,६६,१९,९५,२५२.३५ |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(घ) सवारी दुर्घटना सम्बन्धी:-

| सि.नं. | प्रहरी कार्यालयको नाम | सवारी दुर्घटनामा संलग्न सवारी साधनहरू | | | | | | | | | | | | मानिस: मृत्यु | | | | | | मानिस: घाइते | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ट्रक टेंकर | टिपर | डोजर,लोडर | बस | माईक्रो | जिप,कार | ट्याक्टर | टेम्पो | मो.सा | शा.स.च | अन्य | जम्मा | महिला | पुरुष | जम्मा | बालक | बालिका | जम्मा | महिला | पुरुष | जम्मा | बालक | बालिका | जम्मा | |
| १ | का.उ.प्रहरी कार्यालय | ३५० | ९४ | ० | ५६२ | १२० | १७९७ | २७ | १५६ | २२१६ | ० | ४२ | ५३६४ | ११ | २६ | ३७ | ६ | ४ | १० | ६८३ | १६८५ | २३६८ | २९३ | १८४ | ४७७ | |
| २ | कोशी प्र.प्र.का. | ५२ | १९ | २ | ५१ | ५ | १२९ | ५५ | ११२ | ७९२ | ९३ | ५ | १३१५ | २३ | ७३ | ९६ | ३ | ८ | ११ | ३१८ | ९८९ | १३०७ | ८२ | ५३ | १३५ | |
| ३ | मधेश प्र.प्र.का. | ७८ | २४ | १ | ३७ | २१ | १८८ | १०७ | ११७ | १४५८ | १७५ | १९ | २२२५ | २२ | ८५ | १०७ | ९ | ४ | १३ | ५२० | १७१० | २२३० | २२८ | १४१ | ३६९ | |
| ४ | बागमती प्र.प्र.का. | ५६ | १७ | ० | ४० | १३ | ७६ | १४ | ८ | २४६ | ६ | ९ | ४८५ | ६१ | ७ | ६८ | ४ | १ | ५ | १५१ | २२८ | ३७९ | ४१ | ३० | ७१ | |
| ५ | गण्डकी प्र.प्र.का. | ८ | २ | ६ | १२ | २ | २२ | ७ | ० | ५२ | १ | २ | ११४ | ८ | ३३ | ४१ | ४ | ३ | ७ | ४७ | ८५ | १३२ | १६ | १२ | २८ | |
| ६ | लुम्बिनी प्र.प्र.का. | १५ | १० | ० | २२ | ४ | ४६ | २७ | १६ | १७७ | १५ | ३ | ३३५ | २१ | ७४ | ९५ | १७ | ० | १७ | ८७ | २७० | ३५७ | ४३ | १५ | ५८ | |
| ७ | कर्णाली प्र,प्र.का. | ११ | २ | ४ | ५ | १५ | ३७ | २९ | २३ | १३३ | १ | १ | २६१ | १० | २६ | ३६ | १ | ० | १ | १०३ | २६२ | ३६५ | २१ | १६ | ३७ | |
| ८ | सुदूरपश्चिम प्र. प्र.का. | ३ | १ | १ | २ | ० | ९ | ६ | ० | १९ | २ | २ | ४५ | ६ | २६ | ३२ | १ | ० | १ | २७ | ५१ | ७८ | ११ | ७ | १८ | |
| जम्मा | | ५७३ | १६९ | १४ | ७३१ | १८० | २३०४ | २७२ | ४३२ | ५०९३ | २९३ | ८३ | १०१४४ | १६२ | ३५० | ५१२ | ४५ | २० | ६५ | १९३६ | ५२८० | ७२१६ | ७३५ | ४५८ | ११९३ | |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(४) प्रहरी प्रशासनतर्फ:-

(क) भर्ना सम्बन्धी

| समूह | मिति २०८० वैशाख ०१ गतेदेखि मिति २०८० असार मसान्तसम्मको नयाँ भर्ना जनशक्ति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दर्जागत संख्या | | | | | | | कैफियत |
| | प्र.ना.उ. | प्र.नि. | प्र.ना.नि. | प्र.स.नि. | प्र.ज. | प्र.का.स | जम्मा | |
| जनपद तर्फ | ० | ० | ० | ० | ० | ० | ० | |
| प्राविधिक तर्फ | ० | ० | २ | ० | ० | ० | २ | |
| कुल जम्मा | ० | ० | २ | ० | ० | ० | २ | |

(ख) तालिम सम्बन्धी

| समूह | मिति २०८० वैशाख १ गतेदेखि मिति २०८० असार मसान्तसम्मको जम्मा प्रशिक्षित जनशक्ति | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्जागत संख्या | | | | | | | | | | | | | | | |
| | प्रमनि | प्रअमनि | प्रनामनि | प्रवउ | प्रउ | प्रनाउ | प्रनि | प्रवनानि | प्रनानि | प्रसनि | प्रवह | प्रह | प्रसह | प्र.ज. | प्रकास | जम्मा |
| आधारभूत तालिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २४५ | ० | ० | ० | ० | ५० | २९५ |
| उन्नत तालिम | ० | ० | ५ | १० | ३ | १२ | ११० | २१ | ५२ | ३८४ | ४१ | ७४ | १६५ | ८१९ | ० | १६९६ |
| अनुशिक्षण तालिम | ० | ० | ० | ० | २ | १० | ४९ | १० | २१ | १५१ | ८ | ३० | ६५ | २०१ | ० | ५४७ |
| संघसंस्था तालिम | ० | ० | १ | ६ | ८ | २९ | ८३ | ३९ | ६८ | १०८ | २ | २३ | २२ | ४१ | ० | ४३० |
| वैदेशिक तालिम | १ | ६ | २ | ७ | ८ | १४ | १७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५५ |
| कुल जम्मा | १ | ६ | ८ | २३ | २१ | ६५ | २५९ | ७० | १४१ | ८८८ | ५१ | १२७ | २५२ | १०६१ | ५० | ३०२३ |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

## (५) विविध तर्फः-

### (क) समुदाय प्रहरी साझेदारी कार्यक्रम सम्बन्धी :-

#### (१) काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी।

| सि.नं | कार्यक्रमको शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय सम्पर्क समिति गठन, टोल समिति गठन, अभिमुखिकरण कार्यक्रम, सिसिटिभि जडान, स्कुल प्रशिक्षण कार्यक्रम, लैङ्गिक हिंसा, लागूऔषध, बाल यौन दुर्व्यवहार, अन्तर्क्रिया छलफल, जबरजस्ती करणी, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रम | २११३ | १,५७,०१३ | |

#### (२) कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर।

| सि.नं | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न जनचेतनामूलक कार्यक्रम | ७२२८ | २,६६,३४४ | |

#### (३) मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर।

| सि.नं. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | महिला हिंसा, लैङ्गिक हिंसा, लागूऔषध, बालयौन दुर्व्यवहार, अन्तर्क्रिया छलफल, जबरजस्ती करणी लगायतका कार्यक्रम, सचेतनामूलक कार्यक्रम, बालयौन दुर्व्यवहार सम्बन्धी कार्यक्रम, बहु विवाह न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम, सामाजिक संजालको दुरूपयोग लगायतका कार्यक्रम | ३२१३ | १,४२,२३४ | |

#### (४) बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडा।

| सि.नं. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आधारभूत सुरक्षा, लैङ्गिक हिंसा/ मानव बेचविखन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम, नागरिक सुनुवाइ, अन्तर्क्रिया छलफल, जुवातास न्यूनीकरण, आत्महत्या रोकथाम,कोभिड-१९ रोकथाम सम्बन्धी कार्यक्रम, सरसफाइ, सचेतनामूलक कार्यक्रम तथा संक्रमण लगायत विविध कार्यक्रम | १७५५ | १,१७,६६३ | |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(५) गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा ।

| सि.नं | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत सुरक्षा, मानव बेचविखन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम, कोरोना रोकथाम, लागूऔषध, विपद व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सडक सुरक्षा, साइबर सुरक्षा, सरसफाइ लगायत विविध कार्यक्रम | ३६०५ | १,८५,९६८ | |

(६) लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ ।

| सि.नं. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी, सडक सुरक्षा, सवारी दुर्घटना तथा ट्राफिक नियम, गाँजा फडानी, सामाजिक अपराध सम्बन्धी लगायत विविध जनचेतनामूलक | १९८७ | २,११,६०३ | |

(७) कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत ।

| सि.नं. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न जनचेतनामूलक कार्यक्रम | १८०६ | १,१३,०५४ | |

(८) सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी ।

| सि.नं | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मानव बेचविखन तथा ओसार पसारसम्बन्धी, सडक सुरक्षा, ट्राफिक नियम सम्बन्धी सचेतनामूलक कार्यक्रम, वृक्षारोपण कार्यक्रम, गाँजा फडानी, सामाजिक अपराध सम्बन्धी, जनचेतनामूलक लगायतका विविध कार्यक्रम | १०३० | ५५९१२ | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(ख) कर्तव्यपालनको सिलसिलामा कोरोना संक्रमित तथा मृत्यु भएका प्रहरी कर्मचारीको सङ्ख्या:-

| सि.नं. | प्रहरी कार्यालयको नाम/अन्य कार्यालयको नाम | COVID-19 Positive प्र.क.हरूको संख्या | | | COVID-19 Positive निको भएका प्र.क.हरूको संख्या | | | COVID-19 Positive उपचारार्थ प्र.क.हरूको संख्या | | | COVID-19 Positive मृत्यु प्र.क.हरूको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | अ.दु.अ.आयोग,टंगाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ने.प्र.अ. महाराजगंज | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | रा.प्र.प्र.प्र.महाराजगंज अन्तर्गतका तालिम केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | प्र.प्र.का र मातहत कार्यालय | ३ | ३ | ६ | ३ | ३ | ६ | ० | ० | ० | ० | ० | ० |
| ७ | काठमाडौं उपत्यका प्रहरी कार्यालय मातहत | ४ | ७ | ११ | ४ | ७ | ११ | ० | ० | ० | ० | ० | ० |
| ८ | कोशी प्रदेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | मधेश प्रदेश | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० |
| १० | बागमती प्रदेश | १ | १ | २ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० |
| ११ | गण्डकी प्रदेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | लुम्बिनी प्रदेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | कर्णाली प्रदेश | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० |
| १४ | सुदूरपश्चिम प्रदेश | १ | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ९ | १३ | २२ | ९ | १३ | २२ | ० | ० | ० | ० | ० | ० |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद:-**

प्रवक्ता:- प्र.ना.म.नि.कुबेर कडायत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि:-**

क) नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुसारका धाराहरू
ख) मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ संशोधन सहित
ग) प्रहरी ऐन, २०१२
घ) प्रहरी नियमावली, २०७१
ङ) विभिन्न निर्देशिकाहरू

- Guidelines for Collection and Preservation of DNA Evidence (2074-03-05)
- विधि विज्ञान सेवा हस्त पुस्तिका (Handbook of Forensic Service) (२०७४-०३-०५)
- अन्तर-क्षेत्रीय प्रहरी कार्यालय कार्य दक्षता मूल्याङ्कन कार्यनिर्देशिका २०७२ (संशोधनसहित)
- विपद् व्यवस्थापन महाशाखा तथा मातहत एकाइहरूको सञ्चालन सम्बन्धी कार्यादेश (SOP) २०७३
- सावधिक जीवन बीमाकोष संचालन कार्यविधि, २०७२
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ (२०७२-०२-२६)
- अमर प्रहरी परिवार तथा अवकाश प्राप्त अशक्त प्रहरी क्षेत्रीय कोष संचालन निर्देशिका, २०७०
- नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७०
- प्रहरी आवास सुविधा प्रयोग तथा संचालन निर्देशिका, २०७०
- सहुलियत ऋण कार्यविधि, २०७०
- भ्रमण सेवा कक्ष (Travel Help Desk) कार्य सञ्चालन निर्देशिका, २०६८
- नेपाल प्रहरीको काज सम्बन्धी निर्देशिका, २०६९
- पूर्व प्रहरी कर्मचारीको परिचय-पत्र वितरण तथा फाराम सम्बन्धी निर्देशिका, २०६९
- सूचना तथा विज्ञापनको समानुपातिक वितरण प्रणालीसम्बन्धी निर्देशिका, २०६९

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**:- आर्थिक नियमानुसार भइरहेको।

१३. **तोकिएबमोजिमका अन्य विवरण:-**
माग भई आएअनुसारको सूचना तथा अन्य विवरणहरू सम्बन्धितलाई लिखित तथा मौखिक रूपमा तोकिएकै समयमा उपलब्ध गराउँदै आइरहेको।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:-**

१५. **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:-** https://www.nepalpolice.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:-**

नेपाल सरकारको नीति र निर्देशनबमोजिम आवश्यकताअनुसार नेपाल सरकारको समन्वयमा वैदेशिक सहायता एवं प्राविधिक सहयोगमा प्रहरीका भौतिक संरचनाहरूको निर्माण, अपराध अनुसन्धान तथा सार्वजनिक सुव्यवस्था कायम राख्न सवारी साधनहरू, उपकरण तथा प्रहरी कर्मचारीहरूको प्रशिक्षण, क्षमता अभिवृद्धि लगायत अन्य कार्य गर्ने गरिएको।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:-**

अपराध रोकथाम, सामाजिक विकृति विसङ्गति विरुद्ध जनचेतना फैलाउने, सुरक्षा व्यवस्थापनमा जनसहयोग अभिवृद्धि गर्ने र समग्रमा सामुदायिक सुरक्षालाई अभिवृद्धि गर्न नेपाल प्रहरी र स्थानीय तहको बीचमा सम्बद्ध सरोकारवालाहरूलाई समेत समेटी संस्थागत साझेदारी निर्माण गर्ने उद्देश्यअनुरूप देशभरका ७७ जिल्लाका ७५३ स्थानीय तहसँग समझदारी पत्रमा हस्ताक्षर भई विविध कार्यक्रमहरू संचालन भइरहेका छन्। यसका साथै पाक्षिक टेलिभिजन कार्यक्रम, रेडियो कार्यक्रम, वेबसाइट, सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, इन्स्टाग्राम, युट्युब), समय समयमा पत्रकार सम्मेलन र प्रेस विज्ञप्तिहरू जारी गरी आवश्यकता अनुसार सर्वसाधारणलाई सुसूचित गर्ने गरिएको।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:-**

सूचनाको महत्व र यसबाट पर्ने प्रभावको आधारमा सूचनाको वर्गीकरण गरिएको। नेपाल प्रहरीले गर्ने कतिपय काम कारबाहीहरू सुरक्षाको दृष्टिकोणबाट संवेदनशील हुने र अपराध अनुसन्धान जस्तो संवेदनशील विषय वर्षौंसम्म पनि निरन्तर रहने भएकाले सूचनाको वर्गीकरण गरी सूचनाको सुरक्षा गर्ने गरिएको।

१९. **सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर दिइएको विषय:-**

मौखिक तथा लिखित माग गरिएका सूचनाहरू सम्बन्धितलाई उपलब्ध गराइएको। माथि उल्लेखित अवधिमा माग गरिएका सूचनाहरू समयमा नै उपलब्ध गराइएको।

२०. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:-**

यस अवधिमा नेपाल प्रहरीद्वारा भए गरेका कार्यहरूबारे आवश्यकताअनुसार प्रेस विज्ञप्ति एवं पत्रकार सम्मेलन संचालन गरी सर्वसाधारणलाई सुसूचित गराउनुका साथै रेडियो तथा टेलिभिजन कार्यक्रम, प्रहरी द्वैमासिक, वार्षिक प्रहरी दर्पण, दैनिक प्रहरी समाचार बुलेटिन, मासिक प्रहरी बुलेटिन, फेसबुक, ट्विटर, युट्युब, इन्स्टाग्राम तथा वेबसाइट समेत संचालनमा ल्याई प्रगति प्रतिवेदन बारेमा जानकारी गराउने गराइएको। यसरी सम्प्रेषित सूचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमहरूबाट समेत प्रकाशन तथा प्रसारण हुने गरेको।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल